संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन ५ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बृजेश कुमार गुप्त
२. मा० श्री भानुभक्त ढकाल
३. मा० श्री महेन्द्र कुमारी लिम्बु
४. मा० श्री महेश बस्नेत
५. मा० श्री मायादेवी न्यौपाने
६. मा० श्री मिना सुब्बा
७. मा० श्री मैना कुमारी भण्डारी
८. मा० श्री मोहन बानियां
९. मा० श्री रंगमति शाही
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री राजेन्द्र प्रसाद गौतम
१२. मा० श्री राधा कुमारी ज्ञवाली
१३. मा० श्री रामवीर मानन्धर
१४. मा० श्री रामेश्वर राय यादव
१५. मा० श्री रेखा कुमारी
१६. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री प्रदिप कुमार ज्ञवाली
२. मा० श्री पार्वता डि.सी. चौधरी
३. मा० श्री देवप्रसाद गुरुङ्ग
४. मा० श्री झलनाथ खनाल
५. मा० श्री सुरेन्द्र कुमार यादव
६. मा० श्री चन्दा चौधरी
७. मा० श्री दुर्गा पौडेल
८. मा० डा० भीम बहादुर रावल
९. मा० श्री बहादुर सिंह लामा (तमाङ्ग)
१०. मा० श्री सत्य पहाडी
११. मा० श्री घनश्याम खतिवडा

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको एस.पी.पी. का सम्बन्धमा ध्यानाकर्षण भएको र सो सम्बन्धमा नेपाल सरकारको निर्णय र त्यसको कार्यान्वयन अवस्थाको सम्बन्धमा सदनलाई जानकारी गराउन नेपाल सरकारलाई निर्देश गर्दछु भन्नुभयो ।

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६” राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम मिति २०७९ असार २२ गते गठित संसदीय छानविन विशेष समितिले आधार र प्रमाण सहित निष्कर्षमा पुगी प्रतिवेदन पेश गर्न आवश्यक समय थप गर्न लेखी आएकोले उक्त समितिको कार्यावधि सात दिनका लागि थप गर्न प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या ३ को कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले राष्ट्रिय सभामा उत्पत्ति भएको “काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभामा उत्पत्ति भएको "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गणेश कुमार पहाडी
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० डा० सूर्य प्रसाद पाठक
४. मा० श्री पदम गिरी
५. मा० श्री देवप्रसाद गुरुङ्ग
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री मोहन बानियां
८. मा० श्री सरिता कुमारी गिरी
९. मा० श्री कमला रोक्का
१०. मा० श्री शान्तिमाया तामाङ पाखिन
११. मा० श्री विमला विश्वकर्मा

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन ६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:५५ बजे स्थगित भयो ।

डा भरतराज गौतम
संघीय संसदको महासचिव